# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपाल र World Bank का Director, Sebastian Molineus बीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग World Bank Group South Asia Region, Finance & Markets का Director, Sebastian Molineus को नेतृत्वमा आएको चार सदस्यीय टोलीले वैशाख ३० गते भेटवार्ता गर्‍यो ।



भेटघाटको क्रममा गभर्नर डा. नेपालले Molineus लाई नेपालको वर्तमान आर्थिक स्थिति र Financial Markets को पछिल्लो अवस्थाका बारेमा जानकारी दिनु भयो । सो अवसरमा गभर्नर डा. नेपालले २०७२ वैशाखको महाभूकम्प, त्यसपछि देशको दक्षिणी सीमाहरूमा भएको अवरोधको बाबजुद पनि नेपाल राष्ट्र बैंकले तरलता व्यवस्थापन र वित्तीय बजारको स्थायित्व कायम गर्न सफल रहेको जानकारी दिनु भयो ।

भेटवार्ताको क्रममा Nepal Financial Sector Development Strategy लगायत Restructuring and Consolidating of Financial System, Legal and Regulatory Framework for Crisis Management आदि विषयमा छलफल भएको थियो । सो अवसरमा डेपुटी गभर्नर शिवराज श्रेष्ठ र कार्यकारी निर्देशक शिवनाथ पाण्डेको पनि उपस्थिति रहेको थियो ।

**२०७३ वैशाख ३०, बिहीबार**

**गभर्नरको कार्यालय**